# आर्थिक वर्ष ०७१/७२ मा भएका महत्वपूर्ण आदेशहरू

राष्ट्रिय सूचना आयोग

काठमाडौँ, नेपाल

२०७२ भदौ

## आर्थिक वर्ष ०७१/७२ मा भएका महत्त्वपूर्ण आदेशहरू

| | | |
|---|---|---|
| प्रकाशक | : | राष्ट्रिय सूचना आयोग<br>काठमाडौँ, नेपाल । |
| फोन | : | ४६०२७४७, ४६०२९२० |
| फ्याक्स | : | ४६०१२१२ |
| इमेल | : | info@nic.gov.np |
| वेबसाइट | : | www.nic.gov.np |
| प्रकाशन मिति | : | २०७२ भदौ ३ गते<br>राष्ट्रिय सूचना दिवस, २०७२ |
| प्रति | : | ५०० |
| मुद्रक | : | कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौं । फोन नं. ४२२५६९६ |

# राष्ट्रिय सूचना आयोग



**कृष्णहरि बाँस्कोटा**
प्रमुख सूचना आयुक्त



**किरणकुमार पोखरेल**
सूचना आयुक्त



**यशोदादेवी तिम्सिना**
सूचना आयुक्त



**लक्ष्मण प्रसाद मैनाली**
सचिव

# महत्त्वपूर्ण आदेशहरूको सँगालोबारे

नेपालको अन्तरिम संविधान, २०६३ को भाग-३ मौलिक हकअन्तर्गत धारा २७ मा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ' भन्ने व्यवस्था रहेको छ । यसै गरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (२) मा 'प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ' भन्ने प्रावधान छ । यस आलावा सोही ऐनको दफा १० मा नागरिकद्वारा सार्वजनिक निकायमा माग गरिएको सूचना तत् निकायका सूचना अधिकारी वा कार्यालय प्रमुख दुवैले दिन इन्कार गरेमा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सकिने व्यवस्था छ । यस अतिरिक्त सोही ऐनको दफा ८, २९ र ३१ मा आयोगमा उजुरी गर्न सकिने र दफा २७ र ३३ मा आयोगमा निवेदन दिन सकिने कानुनी व्यवस्था छ ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ११ मा 'सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ' भन्ने व्यवस्था छ । साथै सोही ऐनको दफा १९ मा आयोगको काम कर्तव्य र अधिकार अन्तर्गत महत्त्वपूर्ण सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन, अवलोकन गर्ने, त्यस्ता सूचनालाई मिलाई राख्न आदेश जारी गर्ने, नागरिकद्वारा माग गरिएको सूचना र नागरिकको जनकारीका लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने तथा सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि नेपाल सरकारलाई आवश्यक सुझाव दिने गरी कार्यक्षेत्र निर्धारण गरिएको छ । यस आयोगले आफूलाई कानुनले निर्दिष्ट गरेको कार्यक्षेत्रभित्र रही सूचनाको हकसम्बन्धी नियमावली र आफ्ना कार्यविधिले निर्धारण गरेको प्रक्रियाको अनुशरण गरी आदेश गर्ने गरेको छ । गत आर्थिक वर्ष २०७१/७२ मा आयोगबाट कुल ४१३ वटा आदेश जारी भएका छन् । सोमध्ये यस सँगालोमा महत्त्वपूर्ण ५० वटा आदेश सङ्गृहित गरिएका छन् ।

गत आर्थिक वर्ष २०७१/७२ मा आयोगबाट आदेश जारी गर्ने सन्दर्भमा आयोगका सचिव लगायत राष्ट्रसेवक कर्मचारीबाट प्राप्त सहयोगका लागि आयोग धन्यवाद ज्ञापन गर्न चाहन्छ । यसै गरी पूर्व प्रमुख आयुक्त र आयुक्तहरू, कानुनविद् र अभियन्ताहरूको महत्त्वपूर्ण सुझावका लागि आयोग उहाँहरूप्रति आभार व्यक्त गर्न चाहन्छ । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि दृढ यस आयोग संविधान र कानुनले नागरिकलाई प्रदान गरेको सूचनाको हकको अधिकतम उपयोगमा पूर्णत: प्रतिबद्ध रहन सम्बन्धित सबैमा आह्वान गर्न चाहन्छ । भविष्यमा पनि आयोगले गर्ने आदेशमा सरोकारवालाहरूको सहयोगको अपेक्षा गर्दै आयोगबाट जारी भएका र हुने सबै आदेशहरूको पूर्ण कार्यान्वयनमा सम्बन्धित निकायहरू निष्ठापूर्वक खरो उत्रिनु हुने यस आयोगको अपेक्षा छ ।

**कृष्णहरि बाँस्कोटा**
प्रमुख सूचना आयुक्त

# विषयसूची


| क्र.सं. | मुद्दा नम्बर | निवेदक | विपक्षी | विषय | आदेश मिति | पेज नं. |
|---|---|---|---|---|---|---|
| १ | ४३–०७१/७२ | ठाकुरप्रसाद रसाइली | कन्काई बहुमुखी क्याम्पस, झापा | कर्मचारी नियुक्ति लगायतका विवरण उपलब्ध गराउन आदेश जारी भएको | २०७१/१०/२२ | १ |
| २ | १०२–०७१/७२ | नोदनाथ त्रिताल | जिल्ला प्रशासन कार्यालय, काठमाडौँ | प्रमुख जिल्ला अधिकारी अध्यक्ष हुने समितिहरूको नामावली निवेदकलाई नै उपलब्ध गराउन आदेश जारी भएको | २०७१/१०/२२ | २ |
| ३ | ४१२–०७१/७२ | महेश्वरराम जोशी | नापी कार्यालय, कैलाली | जग्गाधनी पूर्जा सम्बन्धी विवरण कार्यालयमा रहे बमोजिम उपलब्ध गराउन आदेश जारी भएको | २०७१/१०/२२ | ३ |
| ४ | २४–०७१/७२ | गोविन्दप्रसाद दाहाल | नेपाल बैंक लिमिटेड | लिखित परीक्षाको प्रतिलिपि उपलब्ध गराउन आदेश जारी भएको | २०७१/११/१० | ४ |
| ५ | २१८–०६९/७० | प्रमोदकुमार साह र किरणकुमार कर्ण | जिल्ला विकास समिति, धनुषा | पुल निर्माण सम्बन्धी सूचना उपलब्ध गराउन आदेश जारी भएको | २०७१/१०/१० | ५ |
| ६ | ५६–०७१/७२ | नोदनाथ त्रिताल | जिल्ला प्रशासन कार्यालय, रूकुम | प्रमुख जिल्ला अधिकारी अध्यक्ष हुने समितिहरूको नामावली माग भएकोमा उपलब्ध गराउन आदेश जारी भएको | २०७१/११/१० | ६ |
| ७ | ३०७–०७१/७२ | नोदनाथ त्रिताल र दानबहादुर कार्की | राजश्व अनुसन्धान विभाग | स्टेसनरी खरिद लगायतका सूचना उपलब्ध गराउन आदेश जारी भएको | २०७१/११/१० | ७ |
| ८ | ३०९–०७१/७२ | नोदनाथ त्रिताल र दानबहादुर कार्की | आन्तरिक राजश्व विभाग | स्टेसनरी खरिद लगायतका सूचना उपलब्ध गराउन आदेश जारी भएको | २०७१/११/१० | ९ |
| ९ | ३११–०७१/७२ | नोदनाथ त्रिताल र दानबहादुर कार्की | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | स्टेसनरी खरिद लगायतका सूचना उपलब्ध गराउन आदेश जारी भएको | २०७१/११/१० | ११ |

| क्र.सं. | मुद्दा नम्बर | निवेदक | विपक्षी | विषय | आदेश मिति | पेज नं. |
|---|---|---|---|---|---|---|
| १० | ३४-०७१/७२ | विजयकुमार | ठाकुरराम बहुमुखी क्याम्पस, पर्सा | कर्मचारी सम्बन्धी विवरण उपलब्ध गराउन आदेश जारी भएको | २०७१/११/१४ | १३ |
| ११ | ३०८-०७१/७२ | नोदनाथ त्रिताल र दानबहादुर कार्की | कोष तथा लेखा नियन्त्रण कार्यालय, काठमाडौँ | स्टेसनरी खरिद लगायतका सूचना उपलब्ध गराउन आदेश जारी भएको | २०७१/११/२० | १४ |
| १२ | १३३-०७१/७२ | नोदनाथ त्रिताल र दानबहादुर कार्की | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | स्टेसनरी खरिद लगायतका सूचना उपलब्ध गराउन आदेश जारी भएको | २०७१/११/१० | १६ |
| १३ | सबै मन्त्रालयहरु र केन्द्रीय निकायहरु | | सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नियमितरूपमा त्यस निकायसंग सम्बन्धित सूचना अद्यावधिक गरी नियमितरूपमा प्रकाशन गर्न, ऐ.ऐनको दफा ६ बमोजिम सूचना अधिकारीको व्यवस्था गर्न र त्यस निकाय एवं मातहत कार्यालयमा सूचना मांगका लागि परेका निवेदन उपर भएको कारवाहीको विवरण आयोगमा पठाउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ग), (छ) र (ख) बमोजिम जारी भएको आदेश | | २०७१/१२/०३ | १८ |
| १४ | सबै सरकारी तालिम केन्द्रहरु | | प्रशिक्षणको पाठ्यक्रममा सूचनाको हक विषयलाई पनि समेट्न जारी भएको आदेश | | २०७१/१२/१८ | २८ |
| १५ | ९८-०७१/७२ | नोदनाथ त्रिताल | जिल्ला प्रशासन कार्यालय, सिराह | प्रमुख जिल्ला अधिकारी अध्यक्ष हुने समितिहरूको नामावली उपलब्ध गराउने आदेश जारी भएको | २०७१/१२/२६ | ३२ |
| १६ | २३३-०७०/७१ | नोदनाथ त्रिताल | वसन्तटार गाविस, धनकुटा | गा.वि.स.को आ.व. २०६६/६७ को स्रेस्ताको प्रतिलिपि उपलब्ध गराउन आदेश जारी भएको | २०७२/०२८ | ३४ |
| १७ | १२४-०७१/७२ | नोदनाथ त्रिताल समेत | शान्ति तथा पुनः निर्माण मन्त्रालय | विनियोजित बजेट र खर्चको विवरण उपलब्ध गराउन आदेश जारी भएको | २०७२/०२८ | ३६ |

| क्र.सं. | मुद्दा नम्बर | निवेदक | विपक्षी | विषय | आदेश मिति | पेज नं. |
|---|---|---|---|---|---|---|
| १८ | ३२६-०७१/७२ | सन्तोष पाण्डे | जिल्ला शिक्षा कार्यालय बारा | छात्रवृत्ति सम्बन्धी विवरण उपलब्ध गराउन आदेश जारी भएको | २०७२/०२८ | ३८ |
| १९ | ३३०-०७१/७२ | शरद कुमार मिश्र | जिल्ला शिक्षा कार्यालय, काठमाडौ | दरबन्दी, सरूवा र पारिश्रमिक लगायतका सूचना उपलब्ध गराउन आदेश जारी भएको | २०७२/०२८ | ४० |
| २० | ३७७-०७१/७२ | कृष्णप्रसाद बास्तोला | मालपोत कार्यालय,कास्की | जग्गाको रजिस्ट्रेसन सम्बन्धी सूचना उपलब्ध गराउन आदेश जारी भएको | २०७२/०२८ | ४२ |
| २१ | ४१३-०७१/७२ | मुक्तिनाथ भुषाल | जिल्ला शिक्षा कार्यालय, अर्घखाँची | स्टेशनरी खरीद सम्बन्धी विवरण सात दिन भित्र उपलब्ध गराउन आदेश जारी भएको | २०७२/०२८ | ४३ |
| २२ | ४१४-०७१/७२ | राम विकास चौधरी | लुम्विनी विकास कोष | लुम्बिनी विकास कोषको विकास सम्बन्धी सूचना उपलब्ध गराउन आदेश जारी भएको | २०७२/०२८ | ४५ |
| २३ | ४१५-०७१/७२ | मुक्तिनाथ भुषाल | जिल्ला शिक्षा कार्यालय, अर्घखाँची | सूचना र विज्ञापन सम्बन्धी विवरण उपलब्ध गराउन आदेश जारी भएको | २०७२/०२८ | ४७ |
| २४ | ४१७/०७१/७२ | रवीन्द्र शाह | मध्यमाञ्चल सिँचाई विकास सब डिभिजन नं १ रौतहट | बजेट र खर्च विवरण लगायतका सूचना उपलब्ध गराउन आदेश जारी भएको | २०७२/०२८ | ४९ |
| २५ | ४१९-०७१/७२ | राकेशकुमार मिश्र | नेपालगञ्ज उप महा नगरपालिकाको कार्यालय | स्वास्थ्य केन्द्र निर्माण सम्बन्धी माग गरेका सूचना उपलब्ध गराउन आदेश जारी भएको | २०७२/०२८ | ५१ |
| २६ | ४२३-०७१/७२ | हरिबहादुर बस्नेत | प्रहरी प्रधान कार्यालय, काठमाडौ | प्रहरी निरीक्षक पदको विज्ञापन सम्बन्धी विवरण उपलब्ध गराउन आदेश जारी भएको | २०७२/०२८ | ५२ |
| २७ | ३१८-०७१/७२ | विश्वनीति प्रकासमान सिह | माथिल्लो तामाकोसी जलविद्युत् आयोजना | आन्तरिक लेखापरीक्षण प्रतिवेदनको सूचना दिनू भनी आदेश जारी भएको | २०७२/०३/४ | ५४ |

| क्र.सं. | मुद्दा नम्बर | निवेदक | विपक्षी | विषय | आदेश मिति | पेज नं. |
|---|---|---|---|---|---|---|
| २८ | ४२६-०७१/७२ | संध्याकुमारी यादव समेत | जिल्ला जनस्वास्थ्य कार्यालय, बारा | बजेट र यसको खर्च विवरण दिनू भनी आदेश जारी भएको | २०७२/०३/४ | ५५ |
| २९ | ४२७-०७१/७२ | संध्याकुमारी यादव समेत | श्री शिद्धेश्वर मावि, बारा | विद्यालय सम्बन्धी माग भएका सूचना दिनू भनी आदेश जारी भएको | २०७२/०३/४ | ५६ |
| ३० | ४२८-०७१/७२ | मुकेशकुमार कुशवाह | श्री भोला उमावि | विद्यालय सम्बन्धी माग भएका विवरण सूचना दिनू भनी आदेश जारी भएको | २०७२/०३/४ | ५७ |
| ३१ | ४२९-०७१/७२ | अनिता घिमिरे | त्रिविवि | उत्तरपुस्तिकाको प्रतिलिपि दिनू भनी आदेश जारी भएको | २०७२/०३/४ | ५८ |
| ३२ | ४३२-०७१/७२ | कुमार बाबु श्रेष्ठ | जिल्ला शिक्षा कार्यालय धादिङ | बजेट, खर्च विवरण लगायतका सूचना दिनू भनी आदेश जारी भएको | २०७२/०३/४ | ५९ |
| ३३ | ४३३-०७१/७२ | कुमार बाबु श्रेष्ठ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धादिङ | बजेट र खर्च विवरण दिनू भनी आदेश जारी भएको | २०७२/०३/४ | ६० |
| ३४ | ४३४-०७१/७२ | सर्फुलाह अन्सारी | श्री अमर उमावि | विद्यालयको आर्थिक स्रोत र खर्च विवरण दिनू भनी आदेश जारी भएको | २०७२/०३/४ | ६१ |
| ३५ | ४३५-०७१/७२ | रमेश फुयाल | त्रिविवि | परीक्षाफल रद्द हुनुको कारण दिनू भनी आदेश जारी भएको | २०७२/०३/४ | ६२ |
| ३६ | ४३९-०७१/७२ | शारदा भुषाल झा | सडक विभाग | भुक्तानी सम्बन्धी विवरण माग भएकोमा त्यसको सूचना दिनू भनी आदेश जारी भएको | २०७२/०३/४ | ६३ |
| ३७ | ४३७-०७१/७२ | सञ्जिव सत्याल | मालपोत कार्यालय काठमाडौ | जग्गा रोक्काको कारण दिनू भनी आदेश जारी भएको | २०७२/०३/६ | ६४ |

| क्र.सं. | मुद्दा नम्बर | निवेदक | विपक्षी | विषय | आदेश मिति | पेज नं. |
|---|---|---|---|---|---|---|
| ३८ | ४४१-०७१/७२ | प्रभात भण्डारी | कृष्णनगर नगरपालिका | बजेट र खर्चको विवरण दिनू भनी आदेश जारी भएको | २०७२/०३/०९ | ६५ |
| ३९ | ४४२-०७१/७२ | अशोक कुमार थापा | सांग्रिला डेभलभमेन्ट बैक | रकम रोक्का राख्नुको कारण दिनू भनी आदेश जारी भएको | २०७२/०३/१३ | ६७ |
| ४० | ४०३-०७१/७२ | राम दुलारे यादव | मालपोत कार्यालय, बाँके | जग्गा नापी सम्बन्धी सूचना उपलब्ध गराउनू भन्ने आदेश जारी | २०७२/०३/२३ | ६८ |
| ४१ | ४४४-०७१/७२ | प्रवीण्णकुमार शर्मा | जिविस, रौतहट | कर्मचारीको विवरण उपलब्ध गराउनू भन्ने आदेश गरिएको | २०७२/०३/२३ | ६९ |
| ४२ | ४४५-०७१/७२ | प्रवीण्णकुमार शर्मा | जिविस, रौतहट | सामुदायिक विकास कार्यक्रम छनौट प्रकृयाको सूचना उपलब्ध गराउनू भन्ने आदेश गरिएको | २०७२/०३/२३ | ७० |
| ४३ | ४४६-०७१/७२ | प्रवीण्णकुमार शर्मा | जिविस, रौतहट | गरिबी निबारण कार्यक्रम सम्बन्धी सम्झौता उपलब्ध गराउनू भन्ने आदेश गरिएको | २०७२/०३/२३ | ७१ |
| ४४ | ४४८-०७१/७२ | खडानन्द गौतम | आमभञ्ज्याङ गाविस | खेद प्रस्तावको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनू भन्ने आदेश गरिएको | २०७२/०३/२३ | ७२ |
| ४५ | ४४९-०७१/७२ | कुलदीप चौधरी | दुवही भलुवा नगरपालिका | सडक निर्माण सम्बन्धी विवरण उपलब्ध गराउनू भन्ने आदेश गरिएको | २०७२/०३/२३ | ७३ |
| ४६ | ४५०-०७१/७२ | विश्वनीति प्रकाशमान सिंह | जिविस, दोलखा | म.ले.प. प्रतिवेदन, खर्चको फाँटवारी लगायतका सूचना उपलब्ध गराउनू भन्ने आदेश गरिएको | २०७२/०३/२३ | ७५ |
| ४७ | ४५१-०७१/७२ | विश्वनीति प्रकाशमान सिंह | भूमिसुधार तथा व्यवस्था विभाग | छुट जग्गा दर्ता सम्बन्धी निर्णय लगायतका सूचना उपलब्ध गराउनू भन्ने आदेश गरिएको | २०७२/०३/२३ | ७६ |

| क्र.सं. | मुद्दा नम्बर | निवेदक | विपक्षी | विषय | आदेश मिति | पेज नं. |
|---|---|---|---|---|---|---|
| ४८ | ४५४-०७१/७२ | हेमचन्द्रप्रसाद जैसवार | भगवानपुर गाविस | सामाजिक सुरक्षा भत्ता सम्बन्धी विवरण उपलब्ध गराउनू भन्ने आदेश गरिएको | २०७२/०३/२३ | ७८ |
| ४९ | ४५५-०७१/७२ | हेमचन्द्रप्रसाद जैसवार | भगवानपुर गाविस | योजनाको समीक्षा, गाउँ परिषद्को निर्णय लगायतका सूचना उपलब्ध गराउनू भन्ने आदेश गरिएको | २०७२/०३/२३ | ७९ |
| ५० | ४५६-०७१/७२ | भागिरथ साह | जिल्ला स्वास्थ्य चौकी, बारा | कर्मचारी पदपूर्ति सम्बन्धी विवरण उपलब्ध गराउनू भन्ने आदेश गरिएको | २०७२/०३/२३ | ८० |

# राष्ट्रिय सूचना आयोगको
## आदेश
**मु.नं. ४३/२०७१/०७२**

झापा जिल्ला गरामनी गा.वि.स. बस्ने ठाकुर प्रसाद रसाइली ..........................................१ निवेदक

**विरूद्ध**

क्याम्पस प्रमुख, कनकाई बहुमुखी क्याम्पस, कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा) .............१ विपक्षी

सूचना अधिकारी, कनकाई बहुमुखी क्याम्पस, कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा) ............१

**विषय :- कानून बमोजिम सजाय गरी कागजात उपलब्ध गराई पाउँ ।**

झापा जिल्ला गरामनी गा.वि.स. बस्ने ठाकुर प्रसाद रसाइलीले कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।०१ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०८।१५ को आदेश बमोजिम कनकाई बहुमुखी क्याम्पस, कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)को मिति २०७१।०९।१३, च.नं.१८८, प.सं. ०७१/०७२ को पत्रबाट प्रयोजन स्पष्ट नभएको क्याम्पसको शैक्षिक प्राज्ञिक मर्यादामा खलल पुग्ने महशुस गरी सूचना दिनू आवश्यक नभएको भनी यस आयोगमा जानकारी प्राप्त हुन आएको । उक्त क्याम्पसले निवेदकलाई सूचना दिन नसकिने भनी पेश गरेको कारण तर्फ विचार गरी हेर्दा आयोग सहमत हुन सकेन । अत: निवेदकले माग गरेको सूचना उपलब्ध गराउनू । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| ...................... | ...................... | ...................... |
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोगको
## आदेश
### मु.नं. १०२/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल ..............................................................१ निवेदक

**विरूद्ध**

प्रमुख जिल्ला अधिकारी (कार्यालय प्रमुख), जिल्ला प्रशासन कार्यालय, काठमाडौं ......................१ विपक्षी

सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौं ....................................................१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रितालले जिल्ला प्रशासन कार्यालय, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।१९ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०८।२९ को आदेश बमोजिम जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०७१।९।२८, च.नं. २१२२, प.सं. ०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराउने जानकारी पत्र आयोगमा प्राप्त हुन आएकोले निवेदकले माग गरेको सूचनाहरु निवेदकलाई नै उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारी र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छाँयाप्रति संगै राखि पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| ...................... | ...................... | ...................... |
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोगको
## आदेश

**मु.नं. ४१२/२०७०/०७१**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका ३५, सुविधानगर, तीनकुने, मुनिभैरवमार्ग घर नं. १४७/२५ बस्ने महेश्वर राम जोशी ..........................................................................................१पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नापी कार्यालय, धनगढी, कैलाली ..................................................१ विपक्षी
ऐ.ऐ.का सूचना अधिकारी ..........................................................................................१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका ३५, सुविधानगर, तीनकुने, मुनिभैरवमार्ग घर नं. १४७/२५ बस्ने महेश्वर राम जोशीले नापी कार्यालय, धनगढी, कैलाली समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।३।१२ मा उजुरी गरेकोमा यस अयोगबाट मिति २०७१।०३।१७ गते भएको आदेश बमोजिम नापी कार्यालय धनगढीको मिति २०७१।०५।१६, प.सं. ०७१।०७२, च.नं. ४८७ मार्फत सूचना उपलब्ध गराएकोमा निवेदकले यर्थाथ सूचना उपलब्ध गराई पाउँ भनी पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ। ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ। तर उजुरीकर्ताले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन।

अत: उजुरीकर्ताले माग गरेको सूचनाका सम्वन्धमा निजको नाममा **त्यस कार्यालयमा रहेको अभिलेख अनुसारको विवरण** पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु। सो को जानकारी यस आयोगलाई दिनू भनी नापी कार्यालय, धनगढी, कैलालीका, कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू।

| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
|---|---|---|
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल माघ २२ गते रोज ५ शुभम्।

# राष्ट्रिय सूचना आयोगको
## आदेश

मु.नं. २४/२०७१/०७२

दोलखा जिल्ला, सुन्द्रावती ५ बस्ने गोविन्दप्रसाद दाहाल ....................................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, काठमाडौं .........................................१ विपक्षी
सूचना अधिकारी, नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, काठमाडौं .......................................१

विषय :- उत्तरपुस्तिका एवं प्राप्तांक सम्बन्धी सूचना सम्बन्धमा ।

दोलखा जिल्ला, सुन्द्रावती ५ बस्ने गोविन्दप्रसाद दाहालले नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।६।३ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०६।२६ को आदेश बमोजिम नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, काठमाडौंको मिति २०७१।०७।२७, प.सं.सूचना १/माश्रोव्य/७७/९२०५ को पत्र मार्फत निवेदकले माग गरेको सूचना सार्वजनिक महत्वको नभई नितान्त व्यक्तिगत रहेको भनी तहाँबाट लिएको जिकिरतर्फ विचार गर्दा यसमा आयोग सहमत हुन सकेन । अत: निवेदकले माग गरेको तपसिल बमोजिमको सूचना उपलब्ध गराउनू । पूनरावेदनको फोटोकपी संलग्न राखी पठाउनू ।यसको जानकारी निवेदकलाई दिनू ।

तपसिल

१. लिखित परीक्षाका प्रथम पत्र र द्धितीय पत्रका प्रमाणित प्रतिलिपि र प्राप्ताङ्कहरु ।
२. लिखित परीक्षाको प्राप्ताङ्क अनुसार प्रतिस्पर्धीहरु बीच आफ्नो क्रमसंख्या ।
३. अन्तर्वार्तामा आफूले पाएको प्राप्ताङ्कहरु ।
४. खुल्ला प्रतिस्पर्धाबाट सहायक प्रबन्धक पदमा छनौट हुन आवश्यक परेको न्यूनतम प्राप्ताङ्क ।

| | | |
|---|---|---|
| ...................... | ...................... | ...................... |
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन ४ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोगको
## आदेश

**मु.नं. २१८/१५९/२०६९/०७०**

धनुषा जिल्ला ठेरा कचुरी-९ बस्ने प्रमोदकुमार साह समेत ............................................१ पुनरावेदक

**विरूद्ध**

प्रमुख, जिल्ला विकास समिति धनुषा, जनकपुर ........................................................१ विपक्षी

जिल्ला धनुषा ठेरा कचुरी-९ बस्ने प्रमोदकुमार साह समेतले जिल्ला विकास समिति, धनुषा सँग मिति २०६९।१२।२१ मा तपसिलको सूचना माग गर्दा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाँउ भनी मिति २०७०।२।६ मा यस आयोग समक्ष पुनरावेदन गरेकोमा पूर्ण सूचना उपलब्ध नगराएको भनी पुन: मिति २०७०।०३।१२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई माग गरेको स्वरुपमै ७ (सात) दिन भित्र उपलब्ध गराई सो को एक प्रति यस आयोगमा समेत पठाउनू भनि जिल्ला विकास समिति धनुषा, जनकपुरका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई दिनु । पुनरावेदकको पुनरावेदन संगै राखी पठाउनू ।

**तपसिल**

१.यस कार्यालय द्वारा निर्माणाधीन घोडघास गाविस स्थित गंगुलीमा बनिरहेको पुलको लागत खर्च र सो मा छुट्याईएको बजेटको प्रमाणित प्रतिलिपी ।
२.पुल बनाउनु पूर्व सो को नक्साङ्कन र निर्माणमा लाग्ने खर्चको सूचना पाटी अर्थात होर्डिङ बोर्ड किन र के का लागि सार्वजनिक गरिएन सो को जानकारी सहितको प्रमाणित प्रतिलिपी ।
३.सो पुलमा खर्च भएको बजेट अनुसारको विल भरपाईको प्रमाणित प्रतिलिपी ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन १० गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोगको
## आदेश
### मु.नं. ५६/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल ..............................................................१ पुनरावेदक

**विरूद्ध**

प्रमुख जिल्ला अधिकारी (कार्यालय प्रमुख), जिल्ला प्रशासन कार्यालय, रुकुम ...........................१ विपक्षी
सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, रुकुम ..........................................................१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताललले जिल्ला प्रशासन कार्यालय, रुकुम समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।१९ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।१ को आदेश बमोजिम जिल्ला प्रशासन कार्यालय, रुकुमको मिति २०७१।१०।६, च.नं. १६७६, प.सं. ०७०/०७१ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना ऐन नियममा व्यवस्था भएकोले पूनरावेदक आफैले प्राप्त गर्न सकिने भन्ने तर्कमा आयोग सहमत हुन सकेन साथै यस्तै प्रकारका सूचनाका सम्बन्धमा अन्य जिल्ला प्रशासन कार्यालयहरुबाट समेत दिएको देखिदा प्रष्ट हुने गरी ७ (सात) दिन भित्र सूचना पुनरावेदकलाई उपलब्ध गराई सो को जानकारी यस आयोगलाई दिनू भनी जिल्ला प्रशासन कार्यालय, रुकुमका प्रमुख जिल्ला अधिकारी र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई दिनू । पुनरावेदकको पुनरावेदनको साथै राखि पठाउनू ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन १० गते रोज १ शुभम् ।

## राष्ट्रिय सूचना आयोगको
## आदेश
मु.नं. ३०७/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ..................................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, राजश्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर ....................................१ विपक्षी
सूचना अधिकारी, राजश्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर ....................................१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले राजश्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१०।२२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी राजश्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस विभागमा गत आर्थिक वर्ष २०७०।७१ को लागि स्टेशनरी सामग्रीहरु खरिद शिर्षकमा कति बजेट विनियोजन भएको थियो ? र वास्तविक खर्च कति भयो ? उक्त आर्थिक वर्षमा स्टेशनरी खरिद गरेको वस्तुगत र परिणामगत विवरणसहितको जानकारी एवं सो स्टेशनरी सामग्रीहरु खरिद गरी स्वीकृत बील भर्पाइहरुको प्रमाणित प्रतिलिपी ।

२. त्यस विभागले गत आर्थिक वर्ष २०७०।७१ मा कुन कुन सेवा प्रदायकहरु सूचीकृत भएको थिए ? तिनीहरुको विवरणको प्रमाणित प्रतिलिपी र ती सेवा प्रदायकहरुबाट सेवा खरिद सम्बन्धी सम्झौता

गरी स्टेशनरी सामग्रीहरु के कति परिणाममा खरिद गरेको थियो ? वार्षिक रुपमा सेवा खरिदको लागि सेवा प्रदायक कम्पनीहरुसंग भएको द्विपक्षिय सम्झौता पत्रहरुको प्रमाणित प्रतिलिपि ।

३. त्यस विभागले चालु आर्थिक वर्ष २०७१।७२ का लागि कुन कुन स्टेशनरी सामग्रीहरु के कति परिमाणमा खरिद गर्ने कार्यक्रम बनाएको छ ? सो सम्बन्धी विवरण तथा सो प्रयोजनका लागि अगाडि वढाइएको खरिद प्रक्रिया सम्बन्धी जानकारीको प्रमाणित प्रतिलिपी ।

४. चालु आर्थिक वर्षका लागि सेवा खरिद प्रयोजनार्थ सूचीकृत गरिएका सेवा प्रदायक कम्पनीहरुको सूची ।

५. त्यस विभागले चालु आर्थिक वर्ष २०७१।७२ को प्रथम दुई महिनाका लागि के कति स्टेशनरी सामग्री के कति मुल्यमा कुन कुन सेवा प्रदायक कम्पनीसँग खरिद गरेको छ ? सो को विवरण र वास्तविक खर्चको बिल भर्पाईको प्रमाणित प्रतिलिपी ।

| | | |
|---|---|---|
| ...................... | ...................... | ...................... |
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन १० गते रोज १ शुभम् ।

## राष्ट्रिय सूचना आयोगको
## आदेश
### मु.नं. ३०९/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ....................................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं ....................................१ विपक्षी
सूचना अधिकारी, आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं ..................................१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१०।२२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस विभागमा गत आर्थिक वर्ष २०७०।७१ को लागि स्टेशनरी सामग्रीहरु खरिद शिर्षकमा कति बजेट विनियोजन भएको थियो ? र वास्तविक खर्च कति भयो ? उक्त आर्थिक वर्षमा स्टेशनरी खरिद गरेको वस्तुगत र परिणामगत विवरणसहितको जानकारी एवं सो स्टेशनरी सामग्रीहरु खरिद गरी स्वीकृत बील भर्पाइहरुको प्रमाणित प्रतिलिपी ।

२. त्यस विभागले गत आर्थिक वर्ष २०७०।७१ मा कुन कुन सेवा प्रदायकहरु सूचीकृत भएको थिए ? तिनीहरुको विवरणको प्रमाणित प्रतिलिपी र ती सेवा प्रदायकहरुबाट सेवा खरिद सम्बन्धी सम्झौता

गरी स्टेशनरी सामग्रीहरु के कति परिणाममा खरिद गरेको थियो ? वार्षिक रुपमा सेवा खरिदको लागि सेवा प्रदायक कम्पनीहरुसंग भएको द्विपक्षिय सम्झौता पत्रहरुको प्रमाणित-प्रतिलिपि ।

३. त्यस विभागले चालु आर्थिक वर्ष २०७१।७२ का लागि कुन कुन स्टेशनरी सामग्रीहरु के कति परिमाणमा खरिद गर्ने कार्यक्रम बनाएको छ ? सो सम्बन्धी विवरण तथा सो प्रयोजनका लागि अगाडि वढाइएको खरिद प्रक्रिया सम्बन्धी जानकारीको प्रमाणित प्रतिलिपी ।

४. चालु आर्थिक वर्षका लागि सेवा खरिद प्रयोजनार्थ सूचीकृत गरिएका सेवा प्रदायक कम्पनीहरुको सूची ।

५. त्यस विभागले चालु आर्थिक वर्ष २०७१।७२ को प्रथम दुई महिनाका लागि के कति स्टेशनरी सामग्री के कति मुल्यमा कुन कुन सेवा प्रदायक कम्पनीसँग खरिद गरेको छ ? सो को विवरण र वास्तविक खर्चको बिल भर्पाईको प्रमाणित प्रतिलिपी ।

| | | |
|---|---|---|
| ...................... | ...................... | ...................... |
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन १० गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोगको
## आदेश
### मु.नं. ३११/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ....................................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपाल प्रतिलिपी अधिकार रजिष्टारको कार्यालय, कालिकास्थान, डिल्लीबजार, काठमाडौ .१ विपक्षी
सूचना अधिकारी, नेपाल प्रतिलिपी अधिकार रजिष्टारको कार्यालय, कालिकास्थान, डिल्लीबजार, काठमाडौं .१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले नेपाल प्रतिलिपी अधिकार रजिष्टारको कार्यालय, कालिकास्थान, डिल्लीबजार, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१०।२५ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नेपाल प्रतिलिपी अधिकार रजिष्टारको कार्यालय, कालिकास्थान, डिल्लीबजार, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस कार्यालयमा गत आर्थिक वर्ष २०७०।७१ को लागि स्टेशनरी सामग्रीहरु खरिद शिर्षकमा कति बजेट विनियोजन भएको थियो ? र वास्तविक खर्च कति भयो ? उक्त आर्थिक वर्षमा स्टेशनरी खरिद गरेको वस्तुगत र परिणामगत विवरणसहितको जानकारी एवं सो स्टेशनरी सामग्रीहरु खरिद गरी स्वीकृत बील भर्पाइहरुको प्रमाणित प्रतिलिपी ।

२. त्यस कार्यालयले गत आर्थिक वर्ष २०७०।७१ मा कुन कुन सेवा प्रदायकहरु सूचीकृत भएको थिए ? तिनीहरुको विवरणको प्रमाणित प्रतिलिपी र ती सेवा प्रदायकहरुबाट सेवा खरिद सम्बन्धी सम्झौता गरी स्टेशनरी सामग्रीहरु के कति परिणाममा खरिद गरेको थियो ? वार्षिक रुपमा सेवा खरिदको लागि सेवा प्रदायक कम्पनीहरुसंग भएको द्विपक्षिय सम्झौता पत्रहरुको प्रमाणित प्रतिलिपि ।

३. त्यस कार्यालयले चालु आर्थिक वर्ष २०७१।७२ का लागि कुन कुन स्टेशनरी सामग्रीहरु के कति परिमाणमा खरिद गर्ने कार्यक्रम बनाएको छ ? सो सम्बन्धी विवरण तथा सो प्रयोजनका लागि अगाडि वढाइएको खरिद प्रक्रिया सम्बन्धी जानकारीको प्रमाणित प्रतिलिपी ।

४. चालु आर्थिक वर्षका लागि सेवा खरिद प्रयोजनार्थ सूचीकृत गरिएका सेवा प्रदायक कम्पनीहरुको सूची ।

५. त्यस कार्यालयले चालु आर्थिक वर्ष २०७१।७२ को प्रथम दुई महिनाका लागि के कति स्टेशनरी सामग्री के कति मुल्यमा कुन कुन सेवा प्रदायक कम्पनीसँग खरिद गरेको छ ? सो को विवरण र वास्तविक खर्चको बिल भर्पाईको प्रमाणित प्रतिलिपी ।

| | | |
|---|---|---|
| ...................... | ...................... | ...................... |
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन १० गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोगको
## आदेश

मु.नं. ३४/२०७१/०७२

महोत्तरी जिल्ला जलेश्वर जि.प्र.का., ना.प्र.नं. १३३१००७६ का बिजय कुमार .....................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंज, पर्सा .........................................१ विपक्षी

विषय :- अपूर्ण सूचना उपलब्ध गराएको सम्बन्धमा ।

महोत्तरी जिल्ला जलेश्वर जि.प्र.का., ना.प्र.नं. १३३१००७६ का बिजय कुमारले ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंज, पर्सा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०७।०२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंज, पर्साका कार्यालय प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. सहायक क्याम्पस प्रमुखको रुपमा रहँदा निजले त्यस क्याम्पसमा सञ्चालित Master Class मा कक्षा लिने गरेको Routine.

२. संन्ध्याकालीन हाजिरीको उतार र उक्त कार्यवापत निजले पाउने पारीश्रमिक समेत उल्लेख भएको प्रमाणित प्रतिलिपी ।

३. त्यस क्याम्पसमा ललन द्विवेदी क्याम्पस प्रमुख भएयता पुस्तकालयमा भएको मर्मत खर्च सम्बन्धी विवरण ।

| | | |
|---|---|---|
| ...................... | ...................... | ...................... |
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन १४ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोगको
## आदेश
### मु.नं. ३०८/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ..................................................१ पुनरावेदक

**विरूद्ध**

प्रमुख कोष नियन्त्रक (कार्यालय प्रमुख), कोष तथा लेखा नियन्त्रक कार्यालय, थापाथली, काठमाडौं ...१ विपक्षी
कोष नियन्त्रक (सूचना अधिकारी), कोष तथा लेखा नियन्त्रक कार्यालय, थापाथली, काठमाडौं .........१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले कोष तथा लेखा नियन्त्रक कार्यालय, थापाथली, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१०।२२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ साथै ऐनको दफा ७(२) मा सूचना अधिकारीले निवेदकले माग गरेको सूचना १५ दिन भित्र निवेदकलाई उपलब्ध गराउनुपर्नेछ भन्ने व्यवस्था भएको र ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी कोष तथा लेखा नियन्त्रक कार्यालय, थापाथली, काठमाडौंका प्रमुख कोष नियन्त्रक (कार्यालय प्रमुख) र कोष नियन्त्रक (सूचना अधिकारी) को नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस कार्यालयमा गत आर्थिक वर्ष २०७०।७१ को लागि स्टेशनरी सामग्रीहरु खरिद शिर्षकमा कति बजेट विनियोजन भएको थियो ? र वास्तविक खर्च कति भयो ? उक्त आर्थिक वर्षमा स्टेशनरी खरिद गरेको वस्तुगत र परिणामगत विवरणसहितको जानकारी एवं सो स्टेशनरी सामग्रीहरु खरिद गरी स्वीकृत बील भर्पाइहरुको प्रमाणित प्रतिलिपी ।

२. त्यस कार्यालयले गत आर्थिक वर्ष २०७०।७१ मा कुन कुन सेवा प्रदायकहरु सूचीकृत भएको थिए ? तिनीहरुको विवरणको प्रमाणित प्रतिलिपी र ती सेवा प्रदायकहरुबाट सेवा खरिद सम्बन्धी सम्झौता

गरी स्टेशनरी सामग्रीहरु के कति परिणाममा खरिद गरेको थियो ? वार्षिक रुपमा सेवा खरिदको लागि सेवा प्रदायक कम्पनीहरुसंग भएको द्विपक्षिय सम्झौता पत्रहरुको प्रमाणित प्रतिलिपि ।

३. त्यस कार्यालयले चालु आर्थिक वर्ष २०७१।७२ का लागि कुन कुन स्टेशनरी सामग्रीहरु के कति परिमाणमा खरिद गर्ने कार्यक्रम बनाएको छ ? सो सम्बन्धी विवरण तथा सो प्रयोजनका लागि अगाडि वढाइएको खरिद प्रक्रिया सम्बन्धी जानकारीको प्रमाणित प्रतिलिपी ।

४. चालु आर्थिक वर्षका लागि सेवा खरिद प्रयोजनार्थ सूचीकृत गरिएका सेवा प्रदायक कम्पनीहरुको सूची ।

५. त्यस कार्यालयले चालु आर्थिक वर्ष २०७१।७२ को प्रथम दुई महिनाका लागि के कति स्टेशनरी सामग्री के कति मुल्यमा कुन कुन सेवा प्रदायक कम्पनीसँग खरिद गरेको छ ? सो को विवरण र वास्तविक खर्चको बिल भर्पाईको प्रमाणित प्रतिलिपी ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन २० गते रोज ४ शुभम् ।

# राष्ट्रिय सूचना आयोगको
## आदेश
### मु.नं. १३३/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ..................................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख (सचिव), संस्कृति पर्यटन तथा नागरिक उड्यायन मन्त्रालय, सिंहदरवार, काठमाडौं ...१ विपक्षी
सूचना अधिकारी, संस्कृति, पर्यटन तथा नागरिक उड्यायन मन्त्रालय, सिंहदरवार, काठमाडौं .......१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले संस्कृति, पर्यटन तथा नागरिक उड्यायन मन्त्रालय, सिंहदरवार, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।२५ मा निवेदन गरेकोमा आयोगबाट मिति २०७१।९।१ मा ७ (सात) दिन भित्र माग अनुसारको सूचना उपलब्ध गराउनु भनी आदेश भएतापनि हालसम्म पूर्ण सूचना उपलब्ध नगराएको भनी मिति २०७१।१०।२५ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ७(५) मा सूचना अधिकारीले निवेदकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरुपमा नै उपलब्ध गराउनू पर्नेछ भन्ने व्यवस्था भएको । ऐनको दफा ३(३)ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी संस्कृति, पर्यटन तथा नागरिक उड्यायन मन्त्रालय, सिंहदरवार, काठमाडौंका कार्यालय प्रमुख (सचिव) र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस मन्त्रालयमा गत आर्थिक वर्ष २०७०।७१ को लागि स्टेशनरी सामग्रीहरु खरिद शिर्षकमा कति बजेट विनियोजन भएको थियो ? र वास्तविक खर्च कति भयो ? उक्त आर्थिक वर्षमा स्टेशनरी खरिद गरेको वस्तुगत र परिमाणगत विवरणसहितको जानकारी एवं सो स्टेशनरी सामग्रीहरु खरिद गरी स्वीकृत बील भर्पाइहरुको प्रमाणित प्रतिलिपी ।

२. त्यस मन्त्रालयले गत आर्थिक वर्ष २०७०।७१ मा कुन कुन सेवा प्रदायकहरु सूचीकृत भएको थिए ? तिनीहरुको विवरणको प्रमाणित प्रतिलिपी र ती सेवा प्रदायकहरुबाट सेवा खरिद सम्बन्धी सम्झौता गरी स्टेशनरी सामग्रीहरु के कति परिमाणमा खरिद गरेको थियो ? वार्षिक रुपमा सेवा खरिदको लागि सेवा प्रदायक कम्पनीहरुसंग भएको द्विपक्षिय सम्झौता पत्रहरुको प्रमाणित प्रतिलिपि ।

३. त्यस मन्त्रालयले चालु आर्थिक वर्ष २०७१।७२ का लागि कुन कुन स्टेशनरी सामग्रीहरु के कति परिमाणमा खरिद गर्ने कार्यक्रम बनाएको छ ? सो सम्बन्धी विवरण तथा सो प्रयोजनका लागि अगाडि वढाइएको खरिद प्रक्रिया सम्बन्धी जानकारीको प्रमाणित प्रतिलिपी ।

४. चालु आर्थिक वर्षका लागि सेवा खरिद प्रयोजनार्थ सूचीकृत गरिएका सेवा प्रदायक कम्पनीहरुको सूची ।

५. त्यस मन्त्रालयले चालु आर्थिक वर्ष २०७१।७२ को प्रथम दुई महिनाका लागि के कति स्टेशनरी सामग्री के कति मुल्यमा कुन कुन सेवा प्रदायक कम्पनीसँग खरिद गरेको छ ? सो को विवरण र वास्तविक खर्चको बिल भर्पाईको प्रमाणित प्रतिलिपी ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना<br>(सूचना आयुक्त) | किरण कुमार पोखरेल<br>(सूचना आयुक्त) | कृष्णहरि बाँस्कोटा<br>(प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन १० गते रोज १ शुभम् ।

## राष्ट्रिय सूचना आयोगको
## आदेश

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं ............................१
श्री सचिव, अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं ............................................................................१
श्री सचिव, उद्योग मन्त्रालय, सिंहदरवार, काठमाडौं .......................................................................१
श्री सचिव, उर्जा मन्त्रालय, सिंहदरवार, काठमाडौं ..........................................................................१
श्री सचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाडौं ......१
श्री सचिव, कृषि बिकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ................................................................१
श्री सचिव, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ..............................................................................१
श्री सचिव, परराष्ट्र मन्त्रालय, सिंहदरवार, काठमाडौं .......................................................................१
श्री सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरवार, काठमाडौं ...............................................१
श्री सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार, काठमाडौं ......................................१
श्री सचिव, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, सिंहदरवार, काठमाडौं ...........................१
श्री सचिव, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार, काठमाडौं .........................................................१
श्री सचिव, रक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं .............................................................................१
श्री सचिव, वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार, काठमाडौं .....................................................१
श्री सचिव, वाणिज्य आपूर्ति मन्त्रालय, सिंहदरवार, काठमाडौं ..........................................................१
श्री सचिव, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाडौं .......................................१
श्री सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौं ..................................................१
श्री सचिव, शिक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ...........................................................................१
श्री सचिव, श्रम तथा रोजगार मन्त्रालय, सिंहदरवार, काठमाडौं ...........................................................१
श्री सचिव, संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, सिंहदरवार, काठमाडौं ...........................१
श्री सचिव, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ..............................१
श्री सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार, काठमाडौं ........................................१
श्री सचिव, सहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ..............................................................१
श्री सचिव, सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं ..........................................................१
श्री सचिव, सिंचाई मन्त्रालय, सिंहदरवार, काठमाडौं ..........................................................................१
श्री सचिव, सूचना तथा संचार मन्त्रालय, सिंहदरवार, काठमाडौं .........................................................१
श्री सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं .................................................१

## राष्ट्रिय सूचना आयोगको
## आदेश

श्री सचिव, राष्ट्रपतिको कार्यालय

शितलनिवास, काठमाडौं ........................................................................................१

श्री सचिव, उपराष्ट्रपतिको कार्यालय

वहादुरभवन, काठमाडौं ........................................................................................१

श्री रजिष्ट्रार, सर्वोच्च अदालत

सिंहदरवार, काठमाडौं ........................................................................................१

श्री सचिव, संसद सचिवालय

सिंहदरवार, काठमाडौं ........................................................................................१

श्री सचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग

काठमाडौं ........................................................................................................१

श्री उप-महालेखा परीक्षक, महालेखा परीक्षकको कार्यालय

सिंहदरवार, काठमाडौं ........................................................................................१

श्री सचिव, लोक सेवा आयोग

अनामनगर, काठमाडौं ........................................................................................१

श्री सचिव, निर्वाचन आयोग

वहादुरभवन, काठमाडौं ........................................................................................१

श्री सचिव, राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर ........................................................................................१

श्री नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

सिंहदरवार, काठमाडौं ........................................................................................१

श्री सचिव, न्याय परिषद्

सिंहदरवार, काठमाडौं ........................................................................................१

श्री सचिव, राष्ट्रिय महिला आयोग

काठमाडौं ........................................................................................................१

श्री सचिव, राष्ट्रिय मुस्लिम आयोग

काठमाडौं ........................................................................................................१

श्री सचिव, राष्ट्रिय सूचना आयोग

काठमाडौं ........................................................................................................१

श्री सचिव, जल तथा उर्जा आयोग

काठमाडौं ........................................................................................................१

श्री सचिव, नेपाल कानून आयोग

सिंहदरवार, काठमाडौं ........................................................................................१

श्री सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय

सिंहदरवार, काठमाडौं ........................................................................................१

श्री महालेखा नियन्त्रक, महालेखा नियन्त्रकको कार्यालय

अनामनगर, काठमाडौं ........................................................................................१

श्री सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय

काठमाडौं ........................................................................................................१

श्री कार्यकारी सचिव, नेपाल ट्रष्टको कार्यालय

काठमाडौं ........................................................................................................१

श्री प्रमुख अधिकृत, राष्ट्रिय सर्तकर्ता केन्द्र

सिंहदरवार, काठमाडौं ........................................................................................१





विषय : **सूचनाको हकसम्बन्धी ऐन, २०६४को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नियमितरुपमा त्यस निकायसंग सम्वन्धित सूचना अद्यावधिक गरी नियमितरुपमा प्रकाशन गर्न, ऐ.ऐनको दफा ६ बमोजिम सूचना अधिकारीको व्यवस्था गर्न र त्यस निकाय एवं मातहत कार्यालयमा सूचना मांगका लागि परेका निवेदन उपर भएको कारवाहीको विवरण आयोगमा पठाउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ग), (छ)र(ख) बमोजिम जारी भएको आदेश।**

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ को मौलिक हक अन्तर्गत धारा २७ को सूचनाको हकको व्यवस्थामा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भन्ने संवैधानिक प्रावधान छ। संविधान मुलुकको विद्यमान कानूनमध्ये मूल कानून भएकोले यस कानूनको परिपालन गर्नु गराउनु सबैको प्रथम कर्तब्य हुन आउँछ। विश्वव्यापीरुपमा लोकतन्त्रको मापन गर्ने एउटा शसक्त माध्यम सूचनाको हक हो। सुशासन, पारदर्शीता, जवाफदेहि शासन प्रणाली, प्रेश तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक सशक्तिकरणजस्ता लोकतन्त्रका आधारभूत स्तम्भको प्राप्तिका लागि संविधानले निर्दिष्ट गरेको भावनालाई आत्मसात् गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी गरिएको हो। उक्त ऐनको प्रस्तावनामा राज्यका काम कारवाही लोकतान्त्रिक पद्धति अनूरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार वनाउन सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन व्यवस्थापिका संसदबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको प्रष्ट हुन्छ।

## १. सूचनाको हक सम्बन्धी ऐनको दफा १९(ग) बमोजिमको आदेश

यस ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने कानूनले प्रत्याभूत गरेको छ। यसको प्रभावकारी कार्यान्वयनको लागि ऐनको दफा ५ को उपदफा (१) मा सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था गरेकोछ। साथै, ऐनको दफा ५ को उपदफा (३) मा सार्वजनिक निकायले आफूसँग सम्बन्धित सूचना सूचिकृत गरी प्रकाशन गर्नुपर्ने गरी १३ वटा क्षेत्र (विषय) तोकेको छ। साथै, सोही दफाको उपदफा (४) मा यस्तो विवरण प्रत्येक ३।३ महिनामा प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था छ। यसैगरी सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ मा सार्वजनिक निकायले ऐनको दफा ५ को उपदफा (३) मा लेखिएको अतिरिक्त सूचनासमेत सूचिकृत गरी प्रकाशन गर्नुपर्नेछ भनी थप ७ वटा क्षेत्र (विषय) उल्लेख गरिएको छ। यसरी समष्टीमा नागरिकको संवैधानिक सूचनाको हकसम्वन्धी मौलिक हकको संरक्षण, प्रवर्द्धन र प्रचलनका लागि सूचनाको हक सम्बन्धी ऐनको दफा १९ (ग) बमोजिम देहायको आदेश जारी गरिएको छ।

(क) राष्ट्रिय सूचना आयोगका सचिवद्वारा मिति २०७१।१०।०८ समेतमा प्रेषित पत्रद्वारा सूचनाको हकससम्वन्धी ऐनको दफा ५(३) र ऐ नियमावलीको नियम ३ बमोजिम त्यस निकायसँग सम्वन्धित अद्यावधिक गरिएको सूचना प्रकाशन गर्न लेखी पठाईएकोमा त्यस निकायबाट सो बमोजिम विवरण सार्वजनिक गरी यस आयोगलाई समेत जानकारी

गराईएको छ । सूचनाको हकसम्वन्धी ऐन र नियमावलीको कानूनी प्रावधान बमोजिम प्रत्येक ३।३ महिनामा त्यस निकायबाट सार्वजनिक गर्नुपर्ने विवरणका सम्बन्धमा चालु आ.व. ०७१।०७२ को श्रावण, भाद्र र असोजको प्रथम तीन महिना तथा कार्तिक, मंसिर र पुस गरी दोश्रो तीन महिनाको विवरण त्यस निकायबाट सार्वजनिक भएको देखियो । सोही अनुसार चालु आ.व. ०७१।०७२ को माघ, फागुन र चैत्रको तथा वैशाख, जेठ र असारको विवरण तत्-तत् ३ महिना व्यतित भएको १५ दिनभित्र तपसिलको नं.१ को ढाँचामा विवरण सार्वजनिक गरी सोको जानकारी आयोगलाई दिनू ।

(ख) माथि नं.(क) बमोजिमको विवरण आगामी आ.व. ०७२।०७३ र तत् उप्रान्त सूचनाको हकसम्वन्धी ऐन र नियमको व्यवस्था बमोजिम नियमितरुपमा प्रकाशन गर्नू ।

(ग) त्यस निकाय मातहत रहेका विभाग, क्षेत्रीय कार्यालय र जिल्लास्तरीय कार्यालयहरुलाई माथि नं (क) र (ख) को आदेश अनुसार गर्नू गराउन लगाउनू र सो को जानकारी यस आयोगलाई दिनू ।

२. **<u>सूचनाको हक सम्बन्धी ऐनको दफा १९(घ) बमोजिमको आदेश</u>**

सूचनाको हक सम्बन्धी ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने कानूनी प्रत्याभूत गरिएकोमा यसको प्रभावकारी कार्यान्वयनको लागि ऐनको दफा ६ को उपदफा (१) मा सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने कानूनी व्यवस्था छ । साथै सोही दफाको उपदफा (२) बमोजिम सूचना प्रवाह गर्ने प्रयोजनको लागि प्रमुखले आफ्नो कार्यालयमा रहेको सूचना नियमितरुपमा सूचना अधिकारीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ । सोही दफाको उपदफा (३) मा सार्वजनिक निकायले सूचना प्रवाह गर्न आवश्यकतानुसार सूचना शाखाको व्यवस्था गर्न सकिने कानूनी प्रावधान छ । यसैगरी ऐनको दफा ७ को उपदफा (१)मा कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नुपर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारी समक्ष निवेदन दिनुपर्ने कानूनी व्यवस्था छ । साथै सोही दफाको उपदफा (२) मा सूचना मागको निवेदन प्राप्त भएमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था छ । यस अतिरिक्त सोही दफाको उपदफा (३) मा तत्काल सूचना उपलब्ध गराउन नमिल्ने भए निवेदकलाई कारण सहितको जानकारी दिनूपर्ने, उपदफा (४) मा कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्वन्धित सूचना माग गरेको भए चौविस घण्टाभित्र सूचना उपलब्ध गराउनुपर्ने, उपदफा (६) मा माग गरेकै स्वरुपमा सूचना उपलब्ध गराउदा सूचनाको स्रोत विग्रने, भत्कने वा नष्ट हुने भएमा सोको कारण खोली उपयुक्त स्वरुपमा सूचना उपलब्ध गराउनुपर्ने , उपदफा (७) मा कुनै लिखत, सामाग्री वा कारवाहीको अध्ययन वा अवलोकन गर्नुपर्ने भए सूचना मागकर्तालाई मनासीव समय उपलब्ध गराउने र उपदफा (८) मा निवेदकले माग गरेको सूचना आफ्नो निकायसँग सम्वन्धित नदेखिएमा निवेदकलाई सो कुराको तुरुन्त जानकारी दिने लगायतको जिम्मेवारी पुरा गर्नुपर्ने जिम्मेवारी सूचना अधिकारीको कांधमा सुम्पिएको छ । यस स्थितिमा सूचना अधिकारीको व्यवस्था नगरी, निजलाई सूचनायुक्त

नतुल्याई र निजलाई काम गर्न साधन र स्रोत उपलब्ध नगराई संविधान प्रदत्त नागरिकको सूचनाको हकको प्रभावकारी कार्यान्वयन हुने कुरामा विश्वस्त हुन सकिन्न । यस परिस्थितिमा सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा १९ (छ) बमोजिम सूचना अधिकारीको व्यवस्था गर्ने सम्बन्धमा देहाय बमोजिमको आदेश जारी गरिएको छ ।

(क) सूचना अधिकारी तोक्न बाँकी भए तोक्नू । तोकिएका सूचना अधिकारी कुनै कारणवश सो जिम्मेवारीमा नरहेमा वढिमा ७ दिन भित्र अर्को सूचना अधिकारी तोक्नू । यसरी तोकिएको सूचना अधिकारीको नाम, टेलिफोन नम्वर र फोटो सहितको फ्लेक्स वोर्ड त्यस निकायमा सवैले देख्ने ठाँउमा राख्नू । त्यस निकायको बेभसाईटको अग्रपृष्ठमा निजको विवरण राख्नू । निजको कोठामा सूचना अधिकारीको कक्ष भनी सबैले देख्ने गरी राख्नू । यसको जानकारी यस आयोगलाई पनि दिनू ।

(ख) सूचना अधिकारीलाई त्यस निकायको सूचनामा पहुँच हुने प्रवन्ध गर्नू । निजलाई आवश्यक लजिष्टिक र कर्मचारी उपलव्ध गराउनू । निजको पहुँचमा रहने गरी सूचनाको हक प्रर्वद्धनका लागि छुट्टै वजेटको व्यवस्था गर्नू । यसको जानकारी यस आयोगलाई पनि दिनू ।

(ग) त्यस निकाय र मातहत विभाग, क्षेत्रीय कार्यालय र जिल्लास्तरीय कार्यालयहरुमा पनि माथि नं.(क)र(ख) को आदेश अनुसार गर्नू गराउनू र सो को जानकारी यस आयोगलाई दिनू ।

३. **सूचनाको हक सम्बन्धी ऐनको दफा १९(ख) बमोजिमको आदेश**

सूचनाको हक सम्बन्धी ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने कानूनी प्रत्याभूत गरिएको छ । यसको प्रभावकारी कार्यान्वयनको लागि सूचनाको हकसम्वन्धी ऐनको दफा ४ मा सार्वजनिक निकायको दायित्व तोकिएको छ । सोही ऐनको दफा ५ मा सूचना अद्यावधिक गरी ३।३ महिनामा प्रकाशन गर्नुपर्ने व्यवस्था छ । यसैगरी सोही ऐनको दफा ६ मा नागरिकको माग अनुसारको सूचना उपलव्ध गराउन सूचना अधिकारीको व्यवस्था गरिएको छ । यसैगरी सोही ऐनको दफा ७ मा सूचना प्राप्त गर्ने कार्यविधि, दफा ८ मा सूचना वापत लाग्ने दस्तुर, दफा ९ मा उजुरी दिने व्यवस्था, दफा १० मा पुनरावेदनको व्यवस्था र दफा ३२ को उपदफा (१),(२) र (५) मा सूचना नदिने, ढिला गरेर सूचना दिने तथा आयोगको आदेश पालन नगर्ने उपर दण्ड हुने व्यवस्था छ । यी सवै कानूनी प्रावधानले नागरिकको सूचनाको हकको संरक्षण, प्रवर्द्धन र प्रचलन गराउन भरपुर प्रयास गरेको कुरा स्वतः सिद्ध हुन्छ । यस स्थितिमा सवै सार्वजनिक निकायले आम नागरिकले आफ्नो र सार्वजनिक सरोकारका विषयमा सूचना माग गरुन र सो अनुरुप सूचना दिन सकियोस् भन्ने ध्येय राख्नुपर्ने प्रष्टै छ । सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ३ (ख४) मा सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिएको विषयलाई पनि ३।३ महिनामा सार्वजनिक गर्नुपर्ने व्यवस्था (विषय क्षेत्र) अन्तर्गत समेटेको छ । यस कानूनी व्यवस्थाको पालना र सरकारी निकायको क्रियाशिलता अभिवृद्धि गर्न सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा १९(ख) बमोजिम देहायको आदेश जारी गरिएको छ ।

(क) सूचनाको हकसम्वन्धी ऐन र नियमावली बमोजिम त्यस निकायमा परेका र पर्न आउने निवेदनको अभिलेख तथा सो अनुसार सूचना उपलब्ध गराईएको वा सूचना दिन ईन्कार गरेको विवरण तपसिलको प्रकरण नं.२ को ढाँचामा अभिलेखवद्ध गरी त्रैमासिक रुपमा यस आयोगमा पठाउनू ।

(ख) माथि नं. (क) को आदेश अनुसार त्यस निकाय मातहत रहेका विभाग, क्षेत्रीय कार्यालय र जिल्लास्तरीय कार्यालयमा आदेश अनुसार काम गर्नू गराउनू ।

(ग) त्यस निकाय र मातहत निकायको समेत एकीकृत त्रैमासिक विवरण सो अवधि व्यतित भएको १५ दिन भित्र अनिवार्यरुपमा यस आयोगमा समेत पठाउनू ।

**तपसिल**

**१. सूचनाको हकसम्बन्धी ऐन २०६४, को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

सूचना सार्वजनिक गर्ने निकायको नाम :–.....................................................

सूचना सार्वजनिक गरेको अवधि :–.........................................................

क. **निकायको स्वरुप र प्रकृति**

.............................................................................................................

.............................................................................................................

(ऐतिहासिक पृष्ठभूमि सहितको विवरण राख्ने)

ख. **निकायको काम, कर्तव्य र अधिकार**

.............................................................................................................

.............................................................................................................

(नेपाल सरकारको कार्य विभाजन नियमावली, प्रचलित ऐन र संगठन तालिका पारित हुंदा सुम्पिएका जिम्मेवारी समेत राख्ने)

ग. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**

.............................................................................................................

.............................................................................................................

(सबै प्रकारका दरवन्दीको विवरण र कार्य विभाजन समेत राख्ने )

घ. **निकायबाट प्रदान गरिने सेवा**

..................................................................................................

..................................................................................................

(सेवाको किसिम खुल्ने सूची, नागरिक वडापत्र समेत राख्ने )

ङ. **<u>सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी</u>**

..................................................................................................

..................................................................................................

(संगठन तालीका बमोजिमका शाखा र जिम्मेवारी समेत राख्ने)

च. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि**

..................................................................................................

..................................................................................................

(सेवाको किसिम अनुसारको दस्तुर र समयावधि राख्ने)

छ. **निर्णय गर्ने प्रक्रिया र अधिकारी**

..................................................................................................

..................................................................................................

(कार्यचरण/कार्य प्रवाह तालीका र निर्णयकर्ताको सूची समेत राख्ने)

ज. **निर्णय उपर उजुरी सुन्ने अधिकारी**

..................................................................................................

..................................................................................................

(उजुरी/पुनरावेदनको प्रक्रिया र पदाधिकारी समेत खुलाउने)

झ. **सम्पादन गरेको कामको विवरण**

..................................................................................................

..................................................................................................

(अपेक्षित काम र परिणाम समेत राख्ने)



ञ. **<u>सूचना अधिकारी र प्रमुखको नाम र पद</u>**

..........................................................................................................

..........................................................................................................

(नाम, पद, सर्म्पक नम्वर र फोटो समेत राख्ने)

ट. **<u>ऐन, नियम, विनियम वा निर्देशिकाको सूची</u>**

..........................................................................................................

..........................................................................................................

(सम्बद्ध ऐन कानूनको सूची समेत राख्ने)

ठ. **<u>आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण</u>**

..........................................................................................................

..........................................................................................................

(सो निकायबाट असूली भएको राजस्व र आम्दानीको विवरण तथा विनियोजित बजेटबाट भएको खर्च एवं बेरुजू फछ्र्यौटको स्थिति समेत राख्ने )

ड. **<u>तोकिए बमोजिमका अन्य विवरण</u>**

..........................................................................................................

..........................................................................................................

(माथिको प्रकरणमा नपरेका सूचनाहरु राख्ने)

ढ. **<u>अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण</u>**

..........................................................................................................

..........................................................................................................

(गत वर्षमा सञ्चालित कार्यक्रमहरु राख्ने)

ण. **<u>सार्वजनिक निकायको बेभसाईट भए सो को विवरण</u>**

..........................................................................................................

..........................................................................................................

(बेभसाईट सम्बन्धी जानकारी राख्ने)





त. **सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**

..............................................................................................

..............................................................................................

(दाता र कार्यक्रम अनुसारको विवरण राख्ने)

थ. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

..............................................................................................

..............................................................................................

(प्रगति प्रतिवेदन राख्ने)

द. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

..............................................................................................

..............................................................................................

(सूचनाको वर्गीकरण राख्ने )

ध. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

..............................................................................................

..............................................................................................

(सूचना मागको निवेदन र सूचना दिएको विवरणहरु राख्ने)

न. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

..............................................................................................

..............................................................................................

(प्रकाशनहरुको सूची राख्ने)

२. सूचनाको हक अन्तर्गत सूचना माग भएको विवरण

निकायको नाम:
प्रतिवेदनको अवधि:

| क.स | सूचना माग गर्नेको नाम, ठेगाना र सूचना माग गरेको मिति | माग गरेको सूचनाको संक्षिप्त विवरण | सूचना दिए नदिएको र सो निर्णयको मिति | कार्यालय प्रमुख वा सूचना अधिकारी मध्ये कुन तहबाट सूचना दिएको | सूचना नदिएको भए सोको कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

किरण कुमार पोखरेल
(सूचना आयुक्त)

कृष्णहरि बाँस्कोटा
(प्रमुख सूचना आयुक्त)

ईति सम्वत् २०७१ साल चैत्र ३ गते रोज ३ शुभम् ।

## राष्ट्रिय सूचना आयोगको
## आदेश

श्री कार्यकारी निर्देशक,
नेपाल पशासनिक प्रशिक्षण प्रतिष्ठान,
जावलाखेल ललितपुर ..........................................................................................१

श्री तालिम प्रमुख,
न्याय सेवा तालिम केन्द्र,ववरमहल, काठमाडौं ..........................................................................१

श्री कार्यकारी निर्देशक,
भूमि व्यवस्थापन प्रशिक्षण विभाग, जावलाखेल, ललितपुर ..............................................................१

श्री प्रतिष्ठान प्रमुख,
नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान, काठमाडौं .....................................................................१

श्री निर्देशक,
राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकु, काठमाडौं ..................................................................१

श्री कार्यकारी निर्देशक,
नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, रविभवन, काठमाडौं ..........................................१

श्री कार्यकारी निर्देशक,
स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, ललितपुर .......................................................................१

श्री तालिम प्रमुख,
राजस्व प्रशासन तालिम केन्द्र, ललितपुर ..............................................................................१

श्री कार्यकारी निर्देशक,
राष्ट्रिय न्यायिक प्रतिष्ठान, हरिहरभवन, ललितपुर ...................................................................१

श्री तालिम निर्देशक,
कृषि तालिम निर्देशनालय, हरिहरभवन, ललितपुर .....................................................................१

श्री कार्यक्रम निर्देशक,
पशु सेवा तालिम तथा प्रसार निर्देशनालय, हरिहरभवन, ललितपुर .................................................१

श्री केन्द्र प्रमुख,
केन्द्रीय वन तथा तालीम तथा प्रशिक्षण केन्द्र ........................................................................१

श्री कार्यकारी निर्देशक,
शैक्षिक जनशक्ति तालीम केन्द्र, सानोठिमी भक्तपुर ....................................................................१

श्री बरिष्ठ प्रहरी उपरीक्षक,
प्रहरी प्रधान तालीम निर्देशनालय, नक्साल काठमाण्डौ ...............................................................१

श्री कार्यकारी प्रमुख,
घरेलु तथा साना उद्योग विकास समिति, त्रिपुरेश्वर, काठमाण्डौ .......................................................१

श्री निर्देशक,
घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र, त्रिपुरेश्वर, काठमाण्डौ ......................................................१

श्री कार्यकारी निर्देशक,
कर्मचारी प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ललितपुर ....................................................................१

श्री मुख्य प्रशिक्षक,
हुलाक प्रशिक्षण केन्द्र, बबरमहल, काठमाण्डौ ..........................................................................१

श्री कार्यकारी निर्देशक,
व्यवसायिक तथा सीप विकास तालीम केन्द्र, ललितपुर ...............................................................१

**विषय : प्रशिक्षणको पाठ्यक्रममा सूचनाको हक विषयलाई पनि समेट्न जारी भएको आदेश ।**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको प्रत्याभूति गरिएको छ । यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने व्यवस्था छ । यसरी नागरिकको मौलिक हक अन्तर्गत रहेको सूचनाको हकको प्रचलनका लागि सोही ऐनको दफा ४ मा सार्वजनिक निकायको दायित्व तोकिएको छ । जस अनुसार प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्छ । सूचनाको वर्गिकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक प्रकाशन र प्रसारण गर्नुपर्छ । सूचनामा नागरिकको पहुँच सरल र सहज तुल्याउनु पर्छ । ती सार्वजनिक निकायले आफ्नो काम कारवाही खुला र पारदर्शीरुपमा संचालन गर्नुपर्छ । आफ्ना कर्मचारीको लागि उपयुक्त तालीम र प्रशिक्षणको व्यवस्था गर्नुपर्छ । यसरी कानूनले निर्दिष्ट गरेको दायित्वको  पालना गर्नु सवैको कर्तव्य हो ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ मा सार्वजनिक निकायले सूचना अद्यावधिक गरी तीन/तीन महिनामा प्रकाशन गर्नुपर्ने व्यवस्था गरिएको छ । यसैगरी सोही ऐनको दफा ६ मा आफ्नो निकायमा सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारी तोक्नुपर्ने व्यवस्था गरिएको छ । दफा ७ मा नागरिकलाई सूचना दिदाँ पालना गर्नुपर्ने कार्यविधि र समयसीमा तोकिएको छ । दफा ८ मा सूचना बापत लाग्ने दस्तुर निर्धारण गरिएको छ भने दफा ९ मा सूचना अधिकारीले सूचना दिन इन्कार गरेमा प्रमुख समक्ष उजुरी दिने व्यवस्था गरिएको छ । दफा १० मा तत् सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नवुझ्ने व्यक्तिले राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दिन सक्ने व्यवस्था गरिएको छ । यी सवै कानूनी व्यवस्थाको ज्ञान र सो वमोजिम काम गर्ने जनशक्तिको विकास गर्न प्रशिक्षण दिने संस्थाको

महत्वपूर्ण भूमिका रहने कुरालाई नकार्न नसकिने हुँदा ती निकायहरुले यस प्रकारको प्रशिक्षण प्रदान गर्न उच्च प्राथमिकता दिनुपर्ने कर्तव्य वोध हुन जरुरी छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ मा सूचनाको वर्गिकरणको व्यवस्था गरिएको छ । सोही ऐनको दफा २८ मा सूचनाको संरक्षण, दफा २९ मा सूचनादाताको संरक्षण, दफा ३० मा व्यक्तिगत सूचना उपलव्ध गराउने विधि, दफा ३१ मा सूचनाको दुरुपयोग गर्न नहुने, दफा ३२ मा सजाय, दफा ३३ मा क्षतिपूर्ति, दफा ३४ मा पुनरावेदन, दफा ३५ मा सूचना सच्याउन सकिने र दफा ३६ मा असल नियतले गरेको कामको वचाउको व्यवस्था छ । यी सवै कानूनी प्रावधानहरु वुझेको कर्मचारीवाट नागरिकको सूचनाको हक अन्तर्गत रहेको मौलिक हकको प्रचलनमा प्रत्यक्ष सहयोग पुग्ने कुरामा विश्वस्त हुन सकिन्छ । यसर्थ कर्मचारीमा सूचनाको हकसम्बन्धी ज्ञान र सीप प्रवाह गर्नुका साथै सूचनाको हकसम्बन्धी ऐनको प्रस्तावनामा उल्लेखित राज्यका काम कारवाही लोकतान्त्रिक पद्दति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार वनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज वनाउन कर्मचारीमा बढी भन्दा बढी प्रशिक्षण प्रदान गर्नुपर्ने आवश्यकता वोध हुन्छ । यस कुरालाई मनन गरी आयोगवाट प्रशिक्षण प्रदान गर्ने निकायका प्रमुख र सूचना अधिकारीहरुसंग अन्तरक्रिया गरिएको छ । ती निकायहरुले पनि सूचनाको हकसम्बन्धी कानून वमोजिम पालना गर्नुपर्ने कामहरु आयोगबाट लिखितरुपमा प्रेषित गरिएको छ । साथै ती निकायमा कार्यरत प्रशिक्षक/अधिकृतहरुलाई प्रशिक्षक प्रशिक्षण समेत प्रदान गरिएको छ । साथै ती निकायवाट सूचनाको हकसम्बन्धी प्रशिक्षण संचालन गर्न र अन्य प्रशिक्षणमा सूचनाको हकसम्बन्धी विषयको सत्र राख्न आवश्यक पर्ने पाठ्यक्रम समेत तर्जुमा गरी ती निकायमा पठाई सकिएको छ । यस स्थितिमा प्रशिक्षण प्रदान गर्ने निकायले नागरिकको मौलिक हक अन्तर्गत सूचनाको हकको प्रभावकारी प्रचलनका लागि सवै प्रकारको प्रशिक्षणमा सूचनाको हकसम्बन्धी सत्र अनिवार्यरुपमा राख्न सकिने गरी पूर्वाधार तयार भएकोले यसलाई अनिवार्यरुपमा अनुशरण गर्नु आवश्यक छ ।

सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ ले पनि सार्वजनिक निकायले तीन/तीन महिनामा सार्वजनिक गर्नु पर्ने विवरणको अतिरिक्त व्यवस्था गरेको छ । सोही नियमावलीको नियम ४ मा सूचना वापत लाग्ने दस्तुर, नियम ४(क) मा मौखिकरुपमा सूचना माँग गर्न सक्ने, नियम ५ मा पुनरावेदन दर्ता, नियम ५(क) मा उजुरी दिन सक्ने, नियम ६ मा पुनरावेदन, उजुरी तथा निवेदन उपरको कारवाही, निर्णय र कार्यान्वयनको व्यवस्था वारे उल्लेख गरिएको छ । यी सवै कानूनी व्यवस्थाहरु सार्वजनिक निकायको सार्वजनिक पदमा वहाल रहेको पदाधिकारीले वुझ्नु, जान्नु र सो बमोजिम कर्तव्य पालना गर्न पर्छ । यस अतिरिक्त सोही नियमावलीको नियम २४ मा सूचना दुरुपयोग गरेमा उजुरी गर्ने सम्बन्धी कार्यविधि, नियम २४क मा सूचना अधिकारी तोक्ने व्यवस्था र नियम २४ग मा सूचना वर्गिकरण गर्दा आधार र कारण खुलाउनु पर्ने कानूनी व्यवस्था छ । यस अतिरिक्त यस सम्वन्धमा जारी भएका आदेश, निर्देशिका, अभ्यास लगायतको ज्ञान हासिल गर्ने कर्मचारीबाटै प्रभावकारीढंगले सूचनाको हकको संरक्षण, प्रबर्द्धन र प्रचलनमा प्रत्यक्ष सकारात्मक टेवा पुग्छ भन्ने कुरामा कुनै दुविधा छैन । यसर्थ कर्मचारीलाई प्रशिक्षण दिनुपर्ने र यस सम्बन्धमा प्रशिक्षण दिने निकायको महत्वलाई विश्लेषण र मनन गरी यस राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) बमोजिम आयोगको काम, कर्तव्य र अधिकारको परिधिभित्र रही देहाय बमोजिमको आदेश जारी गरिएको छ ।

१. चालु आ.व. २०७१।०७२ मा त्यस निकायबाट संचालन हुन बाँकी प्रशिक्षण कार्यक्रममा सूचनाको हकसम्बन्धी विषयलाई अनिवार्यरुपमा पाठ्यक्रममा/सत्रमा समावेश गरेर मात्र प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।

२. आगामी आ.व. २०७२/७३ र सो उप्रान्त त्यस निकायबाट संचालन हुने सवै प्रशिक्षण कार्यक्रममा सूचनाको हकसम्बन्धी विषयलाई पाठ्यक्रममा अनिवार्यरुपमा समावेश गरेर मात्र प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।

३. यसरी प्रत्येक वर्ष त्यस निकायबाट प्रशिक्षण प्रदान गर्ने गरी वार्षिक कार्यक्रम स्वीकृत भएको १५ दिन भित्रमा अनिवार्यरुपमा सोको जानकारी यस आयोगमा पनि पठाउने ।

......................
(यशोदा देवी तिम्सिना)
सूचना आयुक्त

......................
(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७१ साल चैत्र १८ गते रोज ४ शुभम् ।

**राष्ट्रिय सूचना आयोग**
**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरण कुमार पोखरेल**
**सूचना आयुक्त यशोदा देवी तिम्सिना**
**आदेश**
**मु.नं. ९८/२०७१/०७२**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल ..........................................................१ पुनरावेदक

**विरूद्ध**

प्रमुख जिल्ला अधिकारी (कार्यालय प्रमुख), जिल्ला प्रशासन कार्यालय, सिराहा ......................१ विपक्षी
सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, सिराहा ...................................................१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रितालले जिल्ला प्रशासन कार्यालय, सिराहा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।१९ मा निवेदन गरेकोमा यस आयोगबाट मिति २०७१।८।२९ मा आदेश गरेकोमा हालसम्म पनि सूचना पाईन भनी पुनः मिति २०७१।१०।२२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन । यस्तै प्रकृतिको सूचना अन्य जिल्ला प्रशासन कार्यालयहरुले पनि स्पष्ट रुपमा दिने गरेको छ ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला प्रशासन कार्यालय, सिराहाका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा पुनः यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनवेदकलाई दिनू ।

**तपसिल**

१. त्यस जिल्लामा रहेका कुन कुन सरकारी कार्यालयहरु अन्तर्गतमा रहेका समिति तथा उपसमितिहरुमा प्रमुख जिल्ला अधिकारी पदेन अध्यक्ष वा पदेन संयोजक हुने कानूनी प्रावधान रहेको छ ? कुन कुन सरकारी कार्यालयहरुमा रहेका समितिहरुमा प्रमुख जिल्ला अधिकारीले अध्यक्षता गरेर मात्र बैठक बस्ने गरेको छ ? भन्ने विवरणको निम्न अनुसारको विवरणको प्रमाणित प्रतिलिपी ।

| क्र.सं. | सरकारी कार्यालय वा निकायको नाम | समिति वा उपसमितिको नाम | कुन ऐन नियम वा कानून अन्तर्गत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

२. त्यस जिल्लामा रहेका कुन कुन सरकारी कार्यालयहरु अन्तर्गतमा रहेका समिति तथा उपसमितिहरुमा सहायक प्रमुख जिल्ला अधिकारी पदेन अध्यक्ष वा पदेन संयोजक हुने कानूनी प्रावधान रहेको छ ? कुन कुन सरकारी कार्यालयहरुमा रहेका समितिहरुमा सहायक प्रमुख जिल्ला अधिकारीले अध्यक्षता गरेर मात्र बैठक बस्ने गरेको छ ? भन्ने विवरणको निम्न अनुसारको प्रमाणित प्रतिलिपी ।

| क्र.सं. | कार्यालयको नाम | समितिको नाम | कुन ऐन नियम वा कानून अन्तर्गत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

(यशोदा देवी तिम्सिना)
सूचना आयुक्त

(किरण कुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७१ साल चैत्र २६ गते रोज ५ शुभम् ।

**राष्ट्रिय सूचना आयोग**
**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**
**आदेश**

**मु.नं. २३३/२०७०/०७१**

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रिताल .....१ उजुरीकर्ता

**विरूद्ध**

गा.वि.स सचिव, धनकुटा जिल्ला, वसन्तटार गा.वि.स ....................................................१ विपक्षी

**विषय :- माग अनुसारको सूचना उपलब्ध गराउनू ।**

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रिताललले धनकुटा जिल्लाको वसन्तटार गा.वि.स समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।१२।०९ मा फ्याक्स मार्फत निवेदन/उजुरी गरेकोमा यस आयोगबाट मिति २०७०।१२।२७ गते माग बमोजिम सूचना दिनू भन्ने आदेश जारी भएको । सो निकायबाट केही सूचना उपलब्ध गराएको र केही सूचना नभेटिएको भनी उपलब्ध नगराएको तथा सूचना प्रेषित गर्दा लागेको हुलाक खर्च समेत माग भएको भनी पुनः उजुरी गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर उजुरीकर्ताले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन साथै सोही दफामा सूचना प्रवाह नगर्नुपर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन भन्ने व्यवस्था भएको ।

कुनै पनि सार्वजनिक निकायले नागरिकलाई उपलब्ध गराउनुपर्ने सूचना फेला नपरेको नभेटिएको भनी सूचना उपलब्ध नगराउने कुरामा आयोग सहमत हुन सकेन । साथै सूचनाको हकसम्बन्धी ऐन, २०६४ को नियमाबली, २०६५ को नियम ४(१)(क) मा सामान्य आकारको (आठ दशमलव तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ पाँच रुपैयाँ तोकेको र ऐ नियम २ मा उपनियम (१) मा जुनसुकै कुरा लेखेको भएतापनि सामान्य आयकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना सार्वजनिक निकायले निशुल्क उपलब्ध गराउनुपर्ने व्यवस्था भएको र सूचना प्रेषित गर्दा लाग्ने हुलाक दस्तुर सम्वन्धी कुनै व्यवस्था नभएको ।

अतः उजुरीकर्ताले माग गरेको बसन्तटार गाँउ विकास समितिको कार्यालय धनकुटाको आ.व. २०६६/०६७ को श्रेस्ताको प्रमाणित प्रतिलिपि उजुरीकर्तालाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू भनी धनकुटा जिल्ला **बसन्तटार गा.वि.स.**का सचिवको नाममा पुनः यो आदेश जारी गरिएको छ । उजुरीकर्ताको उजुरीको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी उजुरीकर्तालाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।

**राष्ट्रिय सूचना आयोग**
**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. १२४/२०७१/०७२**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत .....................................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख (सचिव), शान्ति तथा पुनः निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौं ..............१ विपक्षी
सूचना अधिकारी, शान्ति तथा पुनः निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौं.........................१

**विषय :- माग अनुसारको सूचना उपलब्ध गराउनू ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने नोदनाथ त्रिताल समेतले शान्ति तथा पुनः निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।२५ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।०१ मा माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी आदेश गरेकोमा शान्ति तथा पुनः निर्माण मन्त्रालयले प्रकाशन तथा प्रसारण गर्ने समेत प्रयोजन रहेको भनी सूचना उपलब्ध गराउन नसकिने भन्ने निर्णय गरी जानकारी गराएकोले पुनरावेदकले सूचना नदिने निर्णय बदर गराई पूर्ण सूचना उपलब्ध गराई पाउँ भनी आयोग समक्ष मिति २०७१।१०।२९ र २०७१।१२।२३ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

पुनरावेदकले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ को उपदफा (१) बमोजिम कारण खोल्नुपर्ने व्यवस्था बमोजिम तहाँ मन्त्रालयका सूचना अधिकारीलाई दिएको निवेदनमा अध्ययन; प्रकाशन र प्रशारण प्रयोजनको लागि सूचना माग गरेको देखिएतापनि कार्यालय प्रमुख र यस आयोगमा दिएको पुनरावेदनमा अध्ययन प्रयोजनका लागि सूचना उपलब्ध गराई पाउँ भनी निवेदन तथा पुनरावेदन गरेको देखिन्छ । तर यस सम्बन्धमा तहाँ मन्त्रालयको च.नं.१४२ मिति २०७१।०९।२७ को पत्रबाट "निवेदकले माग गरेको सूचना अध्ययन प्रयोजनमात्र नभई प्रकाशन तथा प्रसारण गर्ने समेत प्रयोजन रहेको र सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको विषयभित्र प्रस्तुत माग निवेदन नपरेको भएतापनि सूचना माग गर्नुको कारणमा अध्ययनको अतिरिक्त प्रकाशन र प्रशारण गर्नुभन्ने समेत उल्लेख भएको र ऐनले परिभाषा गरेको सूचनाको हकभित्र प्रकाशन र प्रशारण गर्ने कार्य नसमेटिएको हुनाले माग अनुसारको सूचना उपलब्ध गराउन कानून सम्मत नहुने व्यहोरा निवेदकलाई सूचना अधिकारीबाटै जानकरी दिने" भनी निर्णय भएको देखिन आयो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को व्यवस्था एवं भावनाको विश्लेषण गर्दा र निवेदकले माग गरेको सूचनाको प्रकृति उपर विवेचना गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सार्वजनिक निकायमा रहेको सूचनामा नागरिकको पहुँचको प्रत्याभूति गरेकोले निवेदकले निवेदनमा प्रशारणको प्रयोजनले सूचना माग गरेकै कारणले नै सूचना दिने नदिने कुराको निर्धारण गर्न सक्ने विषय होइन । कानून बमोजिम दिनुपर्ने सूचना दिनू नै पर्ने संवैधानिक र कानूनी व्यवस्थाको आधारमा तहाँ मन्त्रालयको निर्णयसँग आयोग सहमत हुन सकेन । यसर्थ यस आयोगबाट मिति २०७१।०९।०१ मा भएको आदेश बमोजिम नै पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी शान्ति तथा पुन: निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौंका कार्यालय प्रमुख (सचिव) र सूचना अधिकारीको नाममा पुन: यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।

**राष्ट्रिय सूचना आयोग**
**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३२६/२०७१/०७२**

बारा जिल्ला हरैया गा.वि.स वडा नं. १ बस्ने सन्तोष पाण्डे ..........................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, बारा ............................................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, बारा ...........................................................१

**विषय :- सूचना उपलब्ध गराउने सम्बन्धमा ।**

बारा जिल्ला हरैया गा.वि.स वडा नं. १ बस्ने सन्तोष पाण्डेले जिल्ला शिक्षा कार्यालय, बारा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।१७ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला शिक्षा कार्यालय, बाराका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. जिल्ला शिक्षा कार्यालय, बाराले आ.व. २०७०।०७१ का लागि जिल्ला भरीका कुन कुन विद्यालयहरुलाई के कति रकम छात्रवृत्ति वितरण गर्नका लागि निकासा गराएको थियो ? उक्त विद्यालयहरुको नाम, ठेगाना र निकासा पठाएको रकम सहितको प्रमाणित प्रतिलिपि ।



२. उक्त आ.व.मा छात्रवृत्ति वितरण गर्न प्राप्त रकमबाट कुन कुन विद्यालयहरुले कति कति रकम छात्रवृति वितरण गरेका छन् ? ती विद्यालयहरुको नाम, ठेगाना र विद्यालयले वितरण गरेको रकम सहितको विवरणको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।

**राष्ट्रिय सूचना आयोग**
**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**
**आदेश**

**मु.नं. ३३०/२०७१/०७२**

काठमाडौं नगरपालिका वडा नं. १३ कालिमाटी बस्ने शरद कुमार मिश्र ..............................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, चागल, काठमाडौं .................... ........................१ विपक्षी
सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, चागल, काठमाडौं ............................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउने ।**

काठमाडौं महानगरपालिका वडा नं. १३ कालिमाटी बस्ने शरद कुमार मिश्रले जिल्ला शिक्षा कार्यालय, चागल, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।११।११ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला शिक्षा कार्यालय, चागल, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस जिल्ला शिक्षा कार्यालयले मेरो दरवन्दी सहितको सरुवा स्वीकृति भएको वा नभएको प्रमाणित रुपमा जानकारी दिनुहोला ।
२. मैले यस वर्षको श्रावण महिनादेखि हालसम्मको पारिश्रमिक रु. १७९०/९१ अक्षरेपी सत्रयस नब्बे र पैसा एकानब्बे मात्र प्राप्त गरेको छु । अन्य पारिश्रमिक मैले कुन कारणले नपाउने हो ? सो को प्रमाणित प्रतिलिपि रुपमा जानकारी दिनुहोला ।

३. मेरो हालसम्मको हाजिरीको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।

**राष्ट्रिय सूचना आयोग**
**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**
**आदेश**

**मु.नं. ३७७/२०७१/०७२**

कास्की जिल्ला फुलबारी बडा नं. ११ बस्ने कृष्ण प्रसाद बास्तोला ....................................१ उजुरीकर्ता

**विरूद्ध**

कार्यालय प्रमुख, मालपोल कार्यालय, कास्की ..................................................................१ विपक्षी
सूचना अधिकारी, मालपोल कार्यालय, कास्की ....................................................१

**विषय :- माग अनुसारको सूचना उपलब्ध गराउनु ।**

कास्की जिल्ला फुलबारी बडा नं. ११ बस्ने कृष्ण प्रसाद बास्तोलाले मालपोल कार्यालय, कास्की समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।०६ मा उजुरी गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर उजुरीकर्ताले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः उजुरीकर्ताले माग गरेको तपसिलको सूचना उजुरीकर्तालाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी मालपोल कार्यालय, कास्कीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । उजुरीकर्ताको उजुरीको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी उजुरीकर्तालाई दिनू ।

**तपसिल**

निवेदक कृष्ण प्रसाद बास्तोला र निजकी श्रीमतीको संयुक्त नाममा रहेको पोखरा ११ को कित्ता नं. ९६ क्षेत्रफल २९२.८ को जग्गा निज उजुरीकर्ताको कान्छी आमा शेषकुमारी बास्तोलालाई लिखित पास गर्न जाँदा मालपोत कार्यालयको रजिष्ट्रेशन फाँटले रजिष्ट्रेशन पास हुन सक्दैन भनी फिर्ता गर्नूको कारण के हो ? के कति कारणले रजिष्ट्रेशन पास रोकिएको हो ? सो जनिने कागजातको प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. ४१३/२०७१/०७२

अर्घाखाँची जिल्ला नयाँ बसपार्क लाइन सन्धिखर्क १ बस्ने मुक्तिनाथ भुषाल ........................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची ....................................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची ....................................................१

**विषय :- माग अनुसारको सूचना उपलब्ध गराउने ।**

अर्घाखाँची जिल्ला नयाँ बसपार्क लाइन सन्धिखर्क १ बस्ने मुक्तिनाथ भुषालले जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।०५ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला शिक्षा कार्यालय, अर्घाखाँचीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. गत आ.व. ०७०। ०७१ र चालु आर्थिक वर्षको स्टेशनरी सामान खरिदका लागि सो कार्यालयले सुचिकृत गरिएका सप्लायर्सहरु कति थिए ? नामावलीको प्रमाणित प्रतिलिपि ।

२. सुचिकृत गरिएका मध्ये कुन आपुर्तिकर्ताबाट कुन कम्पनिको के के सामान खरिद गरिएको थियो ? आर्थिक वर्ष ०७०/०७१ र चालु आर्थिक बर्षको पहिलो चौमासिकसम्मको अलग अलग विवरणको प्रमाणित प्रतिलिपि ।

३. खरीद गरिएका स्टेशनरी सामानहरुको भुक्तानी बिल भर्पाइको प्रमाणित प्रतिलिपि । आर्थिक बर्ष ०७१/०७० र चालु आर्थिक बर्षको पहिलो चौमासिकसम्मको ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुत्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।

## राष्ट्रिय सूचना आयोग
### प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
### सूचना आयुक्त किरणकुमार पोखरेल
### सूचना आयुक्त यशोदादेवी तिम्सिना
### आदेश

**मु.नं. ४१४/२०७१/०७२**

रुपन्देही जिल्ला बेतकुईयाँ ३ बस्ने राम विकास चौधरी ..................................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, लुम्बिनी विकास कोषको प्रधान कार्यालय, लुम्बिनी ................................१ विपक्षी
सूचना अधिकारी, लुम्बिनी विकास कोषको प्रधान कार्यालय, लुम्बिनी ................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

रुपन्देही जिल्ला बेतकुईयाँ ३ बस्ने राम विकास चौधरीले लुम्बिनी विकास कोषको प्रधान कार्यालय, लुम्बिनी समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।०५ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी लुम्बिनी विकास कोषको प्रधान कार्यालय, लुम्बिनीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. लुम्बिनी विकास कोषको भौतिक क्षेत्रमा कुन कुन देश र कुन कुन संस्थाले के कति भौतिक क्षेत्रमा के कति संरचना निर्माण गरेको छन् ? सो को प्रमाणित विवरण ।

२. कुन कुन देश र कुन कुन संस्थाले लुम्बिनी विकास क्षेत्रभित्र के कति कामका लागि के कति लगानी गरेका छन् ? सो को परिषद्ले अनुगमन तथा नियमन गरेको छ वा छैनं ? छ भने सोको विस्तृत विवरणको प्रमाणित प्रतिलिपि ।

३. लुम्बिनी विकास क्षेत्र भित्र आध्यात्मिक र अन्य प्रयोजनका लागि कुन कुन देशका के कति नागरिक अनुमति लिएर बसेका छन् ? नाम नामेसी र पूर्ण विवरण सहितको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुत्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

**मु.नं. ४१५/२०७१/०७२**

अर्घाखाचीं जिल्ला नयां बसर्पाक लाईन, सन्धिखर्क १ बस्ने मुक्तिनाथ भुषाल..................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची ....................................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची ....................................................१

**विषय :- माग अनुसारको सूचना उपलब्ध गराउने ।**

अर्घाखाँची जिल्ला नयाँ बसपार्क लाइन सन्धिखर्क १ बस्ने मुक्तिनाथ भुषालले जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।०५ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला शिक्षा कार्यालय, अर्घाखाँचीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. गत आ.व. ०६९। ०७० देखि चालु आर्थिक वर्षको लागि सो कार्यालयको सूचना तथा बिज्ञापन प्रकाशन प्रसारणका लागि सुचिकृत गरिएका सप्लायर्सहरु कति थिए ? नामावलीको प्रमाणित प्रतिलिपि ।

२. सुचिकृत गरिएका मध्ये कुन सप्लायर्सबाट कुन मिडियामा, कुन प्रायोजनको लागि कुन दररेटको सूचना तथा बिज्ञापन प्रकाशन वा प्रसारण गरिएको थियो ? आर्थिक बर्ष ०६९/०७० देखि चालु आर्थिक बर्षको फागुन मसान्त सम्मको अलग अलग विवरणको प्रमाणित प्रतिलिपि ।

३ प्रकाशन वा प्रसारण गरेबापत भूक्तानी विल भर्पाइको प्रमाणित प्रतिलिपि । आर्थिक बर्ष ०६९/०७० देखि चालू आर्थिक बर्षको फागुन मसान्तसम्मको ।

४ सुचिकृत गरिएका सप्लार्यस बाहेक थप अन्य मिडियामा सूचना तथा बिज्ञापन प्रकाशन वा प्रसारण गरिएको थियो वा थिएन ? गरिएको भए कसलाई, कुन प्रायोजनमा, कति रकम खर्च गरिएको हो अलग अलग बिबरणको प्रमाणित प्रतिलिपि । आर्थिक बर्ष ०६९/०७० देखि चालु आर्थिक बर्षको फागुन मसान्तसम्मको ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुत्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।

**राष्ट्रिय सूचना आयोग**
**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**
**आदेश**

**मु.नं. ४१७/२०७१/०७२**

रौतहट जिल्ला, गौर नगरपालिका वडा नं. १२ बस्ने रविन्द्र शाह ......................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, मध्यमाञ्चल सिंचाई विकास सब-डिभिजन नं. १ रौतहट, गौर .....................१ विपक्षी
सूचना अधिकारी, मध्यमाञ्चल सिंचाई विकास सब-डिभिजन नं. १ रौतहट, गौर .....................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

रौतहट जिल्ला, गौर नगरपालिका वडा नं. १२ बस्ने रविन्द्र शाहले मध्यमाञ्चल सिंचाई विकास सब-डिभिजन नं. १ रौतहट, गौर समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।०५ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी मध्यमाञ्चल सिंचाई विकास सब-डिभिजन नं. १ रौतहट, गौरका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. यस कार्यालयको नाममा रहेको सम्पूर्ण बैंक खाताको स्टेटमेन्टको प्रमाणित प्रतिलिपि माग भएकोमा वार्षिक वजेटको रकम खुलाई दिने ।

२. यस कार्यालयको आ.व. २०७०/०७१ को बार्षिक लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

३. यस कार्यालयमा आ.व. २०७१/०७२ को लागि आएको अख्तियारी पत्रको प्रमाणित प्रतिलिपि ।

४. यस कार्यालयमा आ.व.२०७१/४/१ गतेदेखि २०७१/११/३० गतेसम्मको खर्चको फाँटवारीको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।

## राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. ४१९/२०७१/०७२

बाँके जिल्ला कम्दी गा.वि.स. वार्ड नं. १ बस्ने राकेश कुमार मिश्र ..................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपालगञ्ज उपमहानगरपालिकाको कार्यालय, बाँके .......... .......................१ विपक्षी

सूचना अधिकारी, नेपालगञ्ज उपमहानगरपालिकाको कार्यालय, बाँके ................................१

विषय :- माग अनुसारको सूचना उपलब्ध गराउनु ।

बाँके जिल्ला कम्दी गा.वि.स. वार्ड नं. १ बस्ने राकेश कुमार मिश्रले नेपालगञ्ज उपमहानगरपालिकाको कार्यालय, बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।०६ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नेपालगञ्ज उपमहानगरपालिकाको कार्यालय, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. यस उपमहानगरपालिका वार्ड नं. १ धम्बोजिस्थित चन्दनाथ टोलमा निर्माणाधिन स्वास्थ्य केन्द्र निर्माणका लागि कति वजेट छुट्याएर खर्च गरिएको छ ? त्यसको लागत इस्टिमेटको प्रमाणित प्रतिलिपि र सो भवन निर्माणको लागि कहिले कस्लाई ठेक्का दिएको छ ? सो सम्झौता पत्रको प्रमाणित प्रतिलिपि सहितको सम्पूण विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुत्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

**मु.नं. ४२३/२०७१/०७२**

जाजरकोट जिल्ला भगवती गा.वि.स. १ तल्लु बस्ने हरि बहादुर बस्नेत ..............................१ उजुरीकर्ता

**विरूद्ध**

कार्यालय प्रमुख, प्रहरी प्रधान कार्यालय, मानव श्रोत विकास तथा भर्ना छनौट शाखा, काठमाडौं .१ विपक्षी
सूचना अधिकारी, प्रहरी प्रधान कार्यालय, मानव श्रोत विकास तथा भर्ना छनौट शाखा, काठमाडौं.१

**विषय :- माग अनुसारको सूचना गराइएकोले लगत कट्टा गर्नु ।**

जाजरकोट जिल्ला भगवती गा.वि.स. १ तल्लु बस्ने हरि बहादुर बस्नेतले प्रहरी प्रधान कार्यालय, मानव श्रोत विकास तथा भर्ना छनौट शाखा, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।१२ मा उजुरी गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर उजुरीकर्ताले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: उजुरीकर्ताले माग गरेको तपसिलको सूचना उजुरीकर्तालाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी प्रहरी प्रधान कार्यालय, मानव श्रोत विकास तथा भर्ना छनौट शाखा, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । उजुरीकर्ताको उजुरीको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी उजुरीकर्तालाई दिनू ।

**तपसिल**

१. यस कार्यालयबाट मिति २०५८।०४।१४, २०६१।०२।१५, २०६२।०५।२३, २०६३।०९।३० र २०६४।०९।१२ मा प्रहरी निरीक्षकको पदमा पदस्थापना गरिएका र सोही मितिहरुमा बैकल्पिकमा पर्नुहुने सम्पूर्ण व्यक्तिहरुको नामावली विवरणको प्रमाणित प्रतिलिपि ।

२. माथि उल्लेखित मितिहरुमा गरिएका पदस्थापनाका लागि कुन कुन मितिमा विज्ञापन गरिएको थियो ? सो विज्ञापन विवरणको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।

**राष्ट्रिय सूचना आयोग**
**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**
**आदेश**

**मु.नं. ३१८/२०७१/०७२**

दोलखा जिल्ला, जिरी नगरपालिका वार्ड नं.९ बस्ने विश्वनीति प्रकाशमान सिंह पाखिन.........१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, श्री माथिल्लो तामाकोशी जलविद्युत आयोजना, ज्ञानेश्वर, काठमाण्डौ.... .......१ विपक्षी
सूचना अधिकारी, श्री माथिल्लो तामाकोशी जलविद्युत आयोजना, ज्ञानेश्वर, काठमाण्डौ. .........१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

दोलखा जिल्ला, जिरी नगरपाललिका वार्ड नं.९ बस्ने विश्वनीति प्रकाशमान सिंह पाखिनले श्री माथिल्लो तामाकोशी जलविद्युत आयोजना, ज्ञानेश्वर, काठमाण्डौ समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।२१ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्री माथिल्लो तामाकोशी जलविद्युत आयोजना, ज्ञानेश्वर, काठमाडकौका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

